तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

## कृषि अधिकृत करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७६/१०/२०)

यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि कृषि अधिकृत(छैठौं तह सरह) १(एक) जना करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) कार्यालय समयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक न्यूनतम योग्यताः-**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि सम्बन्धी विषयमा स्नातक वा सो सरह उतिर्ण गरेको,
- उमेरको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**२. संलग्न गर्नुपर्ने कागजातहरुः-**

- नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,

**३. आवेदन शूल्कः-** रु. १५००।-(एक हजार पाँच सय रुपैंया मात्र ।) तामाकोशी गाउँपालिकाको नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको संचित कोष खाता नम्बर १३००३००३०००००००४००१०१३ मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

**४. दरखास्त पेश गर्ने स्थानः-** तामाकोशी गाउँपालिकाको कार्यालय, जफे दोलखा (आवेदन फारम गाउँपालिकाको कार्यालयबाट र गाउँपालिकाको वेवसाइट www.tamakoshimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।)

**५. आवेदन पेश गर्ने अन्तिम मितिः-** मिति २०७६ साल फाल्गुण ०६ गतेसम्म ।

**६. तलब सुविधाः-** नेपाल सरकारको प्रचलित नियमानुसार ।

**७. छनौट परीक्षाः-** गाउँपालिकाबाट एक छनौट समिति बनाई परिक्षा सञ्चालन गरिनेछ । छनौट परीक्षाको मिति, समय र स्थान आवेदन दर्ता गर्ने म्याद समाप्त भएको मितिले दश(१०) दिनभित्र उम्मेदवारहरुको प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशित गर्ने समयमा जानकारी गराइनेछ ।

**८. सूचनामा उल्लेख भए बाहेक अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**